**श्री सर्वोच्च अदालतमा पेश गरेको**

**लिखितजवाफ**

**विषयः-अदालतको अपहेलनाको निवेदन खारेज गरी पाऊँ ।**

| | |
|---|---|
| ल.पु.जि.,ल.पु.उपमा.न.पा. वडा नं. १५ खुमलटार बस्ने का.जि.का.म.न.पा. स्थीत कोटेश्वर÷धुम्वाराहि कार्यलय भएको नेपाल कम्युनिष्ट पार्टि (ने.क.पा.) का अध्यक्ष पुष्पकमल दाहाल "प्रचण्ड" .........................................................................१ | पक्ष लिखित जवाफकर्ता |

**विरुद्ध**

| | |
|---|---|
| सिन्धुली जिल्ला कमलामाई न.पा.वडा न. १० घर भई हाल का.जि.का.म.न.पा. वडा न. १० बस्ने समिर हायु.................................................................................१ | **विपक्षी निवेदक** |

**मुद्वाः- अदालतको अबहेलना** (066-MS-0023)

उपरोक्त विपक्षीले म उपर दायर गरेको उक्त मुद्वाबाट मेरा नाउँमा जारी भएको ७ दिने म्याद मिति २०७७।११।१६ मा म स्वंयम उपस्थित भै अड्डाको रोहबरमा आजै म्याद बुझी पाएका मितिले म्यादै भित्र प्रस्तुत लिखिलजवफ लिइ स्वंयम उपस्थित भएको छु । विपक्षीको निवेदन निम्न लिखित व्यहोराको आधारमा खारेज गरी पाऊँ ।

१. निवेदक विपक्षीको दावी मिसिलबाट अवगत हुने नै हुँदा यहाँ पून:पुनरावृत्ति गरीएको छैन ।

२. निवेदकको प्रकरण नं. १ को भाषा शब्द प्रयोगबाटै स्पष्ट देखिन्छ कि प्रस्तुत निवेदकले वर्तमान सरकारको नेतृत्वले प्रायोजित रुपमा तयार गरेको निवेदन दायर गर्नु भएको हो । प्रथमतः वर्तमान प्रधान मन्त्री नेपालको संविधानको धारा ७६(२) बमोजिमको हो । प्रधानमन्त्री दलसँगै स्वतः रुपान्तरण हुन सक्ने होइन । षौष ५ गते घोषणा गरेकोनिर्वाचन संविधान विरुद्धमा छ, तसर्थ यस्लाई वैधानिकता होस भन्ने हेतुले यो अनुच्छेदमा व्यक्त गराईएको छ ।



Scanned with CamScanner

३. निवेदकले अरोटको काम गरेको हुँदा दलको नाम, ठेगाना समेत अनभिज्ञ भएको देखिन्छ । यस्ता उडण्ते निवेदन दर्ता सम्म हुन नसक्ने हो ता पनि सम्मानित अदालतको मर्यादाका खातिर आफै उपस्थीत भै जवाफ दिई रहेको छु । प्रधान मन्त्रीले तोकेको निर्वाचनसंविधान विरुद्धमा जनतालाई हेप्ने गरि तोकेकोमा म पुर्ण विश्वस्त छु ।

४. प्रधानमन्त्रीले गरेको प्रतिनिधिसभा विघटन र हुन नसक्ने निर्वाचन मिति घोषणा देश जनतालाई हेपेर निरंकुश तवरबाट भएको भन्ने कुरामा म र मेरो पार्टि लगायत देशका अत्यधिक जनता, पेशाकर्मी, वकिल ,पत्रकार,नागरिक समाज, सहित्यकार ,डाक्टर , ईन्जिनियर सहित सवै श्रमजिवी जनता सडकमा नारा जुलुस सहित उपस्थीत भएका छन । यो प्रधानमन्त्रीको कदम विरुद्धको आक्रोस हो । यो आक्रोस बढ्दो छ । सम्मानित अदालतले संविधानको व्याख्या गर्ने हो । त्यो जुलुसनारा र भाषणको व्याख्या गर्ने होइन, तसर्थ हाम्रो जुलुस नारा भाषणले स्वतन्त्र सक्षम न्यायपालिका (अदालत) लाई प्रभाव पर्ने र पार्ने कुरा हुनै सक्दैन । सरकार र उस्का नातेदार अदालतलाई कमजोर ठान्दछन । त्यसैले यस्ता निवेदन हाल्न लगाउद छन् । तसर्थ यस्मा अदालत विचलित हुनै सक्दैन । हाम्रो र मेरो दल यस्मा सचेत छ । अदालत प्रति वढी भरोसा छ ।

५. निवेदकको बुँदा नं. ३÷४ मा उल्लेख संवैधानिक व्यवस्था स्विकार गरेर नै संववैधानीक अदालतमा हाम्रो पार्टिका सांसदले रिट निवेदन लिएर आएको तथ्य स्पष्ट नै छ । हरेक नागरिकले आफ्नो मुद्दामा जितको आशा गर्नु सामान्य मानविय स्वभाव हो । यस्तो कुरा स्मरण गर्नु ;व्यक्त गर्नु मुद्दाका पक्षको अधिकार नै हो । तर सो कुरा व्यक्त गर्न नै नपाउने, आशा भरोसा गर्न नपाउने विधिशास्त्रीय कुरा भित्र पर्दैन । फैसला अवज्ञा गर्ने वा फैसला उल्लंघन गर्ने भन्ने कुरा म र मेरो दलवाट हुनु हुदैन । फैसालामा मुद्दाका पक्षले सन्तोष असन्तोष व्यक्त गर्नु पनि स्वभाविक हो । यो संविधान प्रदत्त वाक तथा प्रकाशन स्वतन्त्रता हो । मैले सार्वजनिक सभामा मुद्दाका विषयमा वोलेको नभै कार्यकारीणीको बदनियत र उस्को संविधान विरुद्धको कामबारेमा जनतालाई सुसुचित गराउने र आफ्नो धारण व्यक्त गर्ने काम गरेको हुं । यसबाट सम्मानित अदालतको अपहेलना हुनै सक्दैन । अदालत र न्यायाधिस उपर लाञ्छन लगाउने, धम्की दिने, न्याय दिने काममा वाधा गर्ने न्यायीक फैससला उल्लङ्घन गर्ने कुरा मात्र अपहेलना हुन सक्ने सर्वमान्य सिद्धान्त हो । यस्ताकाम मबाट कहिल्यै नहुने कुरा विश्वास दिलाउन चाहान्छु । देशको कार्यकारिणी पदमा बसेका, राज्यका शक्ती,श्रोत र साधन संचालन गर्नेले भने अदालतमा चलेको मुद्दाको विषयमा धम्की त के आफ्नो धारण सम्म व्यक्त गर्ने कार्यले अदालतलाई अपहेलना गरेको हुन सक्छ किनकि उ संग राज्य शक्ती दुरुपयोग गर्ने हैसियत हुन्छ । हाल म दलको नेता एवं सामान्य नागरिक मात्र रहेको सर्वविदित नै छ । माघ ९ गतेको आमसभामा मैले कार्यकारिणी अधिकार प्रयोग गर्नेले संविधान विरुद्धको काम गरेको कुरा जनतालाइ स्पष्ट पार्ने सिलसिलामा व्यक्त गरेको कुरालाई सम्मानित अदालतसँग जोड्ने काम गरि अदालतलाई धम्की दिएको भन्ने दावी झुठ्ठा हो । आमसभा जुलुस विरोध प्रदर्शन राजनैतिक



Scanned with CamScanner

दलले देश जनता हित निम्ती गर्नै पर्ने कर्तव्य हो । उक्त भाषणमा अदालत प्रति सम्मान, कार्यपालीकाको कामको विरोध र देश जनता विरुद्ध काम भएकोमा चिन्ता व्यक्त गरेको छु । यहि कुरा मिडियाले आ-आफ्नो विश्लेषण र एकबध्दता जनाउने र व्याख्या गरेको देखिन्छ, यर्थाथमा अदालत प्रति सवैले सम्मान गरेको पाइन्छ ।

६. निवेदकले सरकारको योजना र प्रभावमा प्रस्तुत रिट निवेदनमा अदालतलाइ कमजोर,निरिह देखाउन कोशीस गरेका छन् । हाम्रो संविधानले न्यायापालिकालाई सक्षम, स्वतन्त्र र बलियो बनाएको छ । न्यायकर्मीहरु दृढताका साथ न्याय दिन सक्ने अवस्थामा रहेको पाइन्छ । तर निवेदक अदालत प्रभावित हुन्छ, भ्रममा रुमलिन्छ, तर्सन्छ भनेर प्रचार गर्दछन् । जुन कुरा यसै निवेदनमा पनि उल्लेख छ । अदालत बाहिरी प्रभावमा पर्दैन, जुलुस सभा हेर्दैन, संविधान कानुन र न्यायमा मान्य सिध्दान्तमा दृढ हुन्छ भन्ने कुरामा म ढुक्क छु । वर्तमान कामचलाउ सरकार र मेरो विचको भिन्नता यहि हो ।

७. उक्त निवेदनमा संसदिय सुनुवाईको व्यवस्थाको पनि उललेख गरिएको रहेछ । वर्तमान प्रधानमन्त्रीले यो संवैधानिक संसदिय सुनुवाइको व्यवस्था निष्कृय पार्न नै संसद विघटन गरेर संवैधानिक अंगका पदाधिकारी नियूक्तिको सिफारिस एकै दिन गरेको कुरालाई सम्मानित अदालतमा निवेदन परि सकेकोछ । यस्को विरोधमा देशभर सर्वत्र विरोध भै रहेको छ । यसवारेमा म याहा केहि वोल्न चाहान्न । संमानित अदालतवाटै छिनोफानो हुनेछ ।यसर्थ निवेदकले उल्लेख गरेको संविधानका धारा, ऐनका दफाहरु म विरुद्ध आकृष्ट हुन सक्दैन । निवेदक उपर नै दण्डको निम्ती आकृष्ट हुन जान्छ ।अतः नेपालको संविधानको धारा १२८ (४) तथा न्याय प्रशासन ऐन २०७३ को दफा १७ आकर्षित हुने अवस्थाको विद्वमानता नभएको हुँदा विपक्षीको औचित्यहिन निवेदन दावी खारेज गरि फुर्सद पाउन सम्मानित सर्वोच्च अदालत समक्ष सादर अनुरोध गर्दछु ।

८. यस सम्वन्धमा मेरो तर्फवाट मुकरर का.व्य.वाट अपहेलनाका सामान्य सिद्धान्त सहितको वहसलाइ यसको अंग मानि पाउ ।

९. लिखितजवाफ दर्ता गर्दा लग्ने दस्तुर यसै साथ संलग्न गरेको छु ।

१०. यसमा लेखिएको व्यहोरा ठिक साँचो हो, झुठ्ठा ठहरेमा कानुन बमोजिम सहुँला बुझौला ।

**<u>लिखितजवाफ प्रस्तुतकर्ता</u>**

पुष्पकमल दाहाल " प्रचण्ड "

इतिसम्वत २०७७ साल फाल्गुन महिना १६ गते रोज १ शुभम् ......................................



Scanned with CamScanner